# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८१ साल असार २३ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | आर्थिक वर्ष २०७९/८० को शासकीय सुधार तथा सुशासनसम्बन्धी प्रगति प्रतिवेदन सुशासन ऐन, २०७७ को दफा ४२ को उपदफा (३) बमोजिम माननीय मुख्यमन्त्रीले प्रदेश सभासमक्ष पेश गर्न स्वीकृति दिने। |
| २. | (क) गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणका लागि चालू आर्थिक वर्ष २०८०/८१ मा विनियोजन भएको रकम रू. ५ करोडका अतिरिक्त बागमती प्रदेश सरकारको प्रतिबद्धता बमोजिमको आगामी दायित्वबाट समायोजन हुने गरी प्रचलित कानून बमोजिमको खरिद प्रक्रिया अवलम्बन गरी निर्माण कार्य अगाडि बढाउन भरतपुर महानगरपालिकालाई थप रकम जम्मा रू. १ करोड ८० लाख प्रदेश विनियोजन ऐन, २०८० को दफा ५ बमोजिम सामाजिक विकास मन्त्रालयमार्फत् अख्तियारी प्रदान गर्न स्वीकृति दिने।<br>(ख) बागमती प्रदेश सरकारले लागत साझेदारी गर्ने बजेटको कार्यान्वयन प्रचलित कानून, स्थापित मापदण्ड र खरिद प्रक्रियाअनुसार गरी लेखा परीक्षणलगायतका वित्तीय दायित्व भरतपुर महानगरपालिकाले बहन गर्ने। |
| ३. | प्रदेश सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०८१ साल असार २९ गते देखि साउन ४ गते (तद्अनुसार १३ देखि १९ जुलाई २०२४) सम्म थाइल्याण्डमा आयोजना हुने अध्ययन तथा तालिम कार्यक्रममा सहभागिताका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रदेश सचिव श्री विनोद कुमार भट्टराईको मनोनयन स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८१ साल असार १७ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | बागमती प्रदेश विश्वविद्यालयको विधान, २०८१ स्वीकृत गर्ने। |
| २. | प्रदेश उच्च शिक्षा (दोस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने। |
| ३. | दिनेश रामजी स्मृति बहुप्राविधिक शिक्षालय, सिन्धुपाल्चोकको भौतिक पूर्वाधार निर्माण आयोजनालाई प्रादेशिक गौरवको आयोजना तोकी सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ५ स्थित छाप आहलडाँडा सामुदायिक वनक्षेत्रको थप ४.७६४ हेक्टर (९३-१०-१-०.७५ रोपनी) जग्गा नेपाल सरकारबाट प्राप्त गर्न यस आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा समावेश गरी वन ऐन २०७६ को दफा ४२ बमोजिम जग्गा प्राप्तिका लागि नेपाल सरकारलाई सिफारिस गर्ने। |
| ४. | बागमती प्रदेश सरकारका प्रशासनिक भवन तथा आवास निर्माण आयोजनालाई प्रादेशिक गौरवको आयोजना तोकी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना कायम गर्न राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९ को दफा ४ को खण्ड (ग) बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८१ साल असार १ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको अनुमान तथा सो साथ संलग्न विवरणहरू स्वीकृत गर्ने। |
| २. | प्रदेश आर्थिक विधेयक, २०८१ प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने। |
| ३. | आर्थिक वर्ष २०८१/८२ को लागि तयार भएको प्रदेश विनियोजन विधेयक, २०८१ स्वीकृत गर्ने। |